लोक सेवा आयोग

राष्ट्रिय बीमा संस्थान, अधिकृत स्तर, आठौं, सह-व्यवस्थापक (चार्टर्ड एकाउण्टेण्ट) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।९।१५

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Accounting, Auditing and Financial Management**

प्रत्येक **Section** को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

Section : A **50 Marks**

1. Due to existing scenario of the insurance companies and the weak regulator how can you expect the successful implementation of NFRS in insurance companies in given period? Discuss. 10

2. "An insurer shall disclose information that enables users of its financial statements to evaluate the nature and extent of risk arising from insurance contracts." Explain the various disclosure requirements to comply the above statement of NFRS-4. 10

3. Jethro changed its accounting policy for inventory in 2012. Prior to the change inventory had been valued using the weighted average method, but it was felt that in order to match current practice and to make the financial statements more relevant and reliable that a first in first out (FIFO) valuation model was more appropriate. The impact of the change on the valuation of inventory was as follow; 10

   31 Dec 2010 increase of 12 million Rs.

   31 Dec 2011 increase of 19 million Rs.

   31 Dec 2012 increase of 28 million Rs.

   Profit or loss under the weighted average Valuation model are as follows

	2012 Rs. million	2011 Rs. million
Revenue	324	296
Cost of sales	(173)	(164)
Gross profit	151	132
Expenses	(83)	(74)
Profit	68	58

   Retained earning at 31 December 2010 were Rs. 423 million

   Required:

   Present the change in accounting policy in the profit and loss and produce an extract of the statement of changes in equity in accordance with NFRS.

Contd.....

4. अरू कुनै निकायमा भएको स्वार्थको खुलासा गर्नुपर्ने नेपाल फाइनान्सीयल रिपोर्टिङ स्टाण्डर्ड (एन.एफ.आर.एस) १२ को व्यवस्थाका बारेमा टिप्पणी लेख्नुहोस् । १०

5. Rastriya Beema Sansthan (RBS) holds 15% equity share of a Commercial Bank and it also send one of its senior official in the board of directors of the bank as its representative. It has current account with the bank amounting to Rs. 100 million. It also provides fixed deposit of Rs. 500 millions to the bank. Further, the bank also give all insurance business to it. Define "Related Party" transaction as NAS 24 and explain whether above mentioned transaction are related party transaction or not and if so how to disclose in the financial statement of the RBS. 10

Section : B 25 Marks

6. As an auditor how you will plan an audit of financial statements? Explain. 5

7. What do you understand by Audit evidence? Explain about appropriateness and sufficiency of audit evidence based on NSA - 500. 5

8. "External confirmation has important role in Audit." Explain to support above statement based on relevant NSA. 5

9. You are the auditor of Rastriya Beema Sansthan (RBS) appointed by OAG. Management of RBS told you that "Our internal auditor has completed audit of all investment function and reviewed and finalized the financial statement. Due to the time constraint issue the final audit report based on internal auditor." What is your comment on the above request of the management based on NSA? 5

10. Rastriya Beema Sansthan (RBS) has committed to provide Rs. 3 billions project loan to Upper Tamakoshi Hydroelectricity Project (UTHP). UTHP has submitted its consultant report for cash disbursement and RBS paid based on the report provided by UTHP. During audit the auditor comment RBS should got independent progress report from the consultant appointed by RBS and the loan disbursement process is not appropriate. Comment on the auditors observation based on NSA. 5

Contd.....

CamScanner

Section : C — 25 Marks

11. What do you understand by the cost of capital? Explain the use of cost of capital in financial decision. 5

12. "It is very difficult to implement the performance evaluation system in public sector entity." Do you agree with above statement? Give your opinion. 5

13. बीमा व्यवसायको सन्दर्भलाई जोडेर वित्तीय क्षेत्र सुधार बारे टिप्पणी लेख्नुहोस् । ५

14. What is difference between change management and transformation management? State. 5

15. There is a poor human resource management in insurance sector at prevailing situation. How this situation can be changed? Suggest to the management. 5

- The End -

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय बीमा संस्थान, अधिकृत स्तर, आठौं, सह-व्यवस्थापक (चार्टर्ड एकाउण्टेण्ट) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।९।१६

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : प्रचलित ऐन, नियमहरू तथा बीमा व्यवसाय र समस्या समाधान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड : "क" — ४० अङ्क

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्थाले आफ्ना सदस्यहरूलाई जारी गरेको आचरण सम्बन्धी निर्देशिकामा उल्लेखित "व्यावसायिक कार्य प्राप्तिको लागि आग्रह, नयाँ कार्यको स्वीकार र शुल्क तथा कमिशन" सम्बन्धी व्यवस्था बुँदागत रूपमा लेख्नुहोस् । प्रस्तुत आचरण पालना गराउन संस्थाले कस्तो कदम चाल्नुपर्ला ? सुझाव दिनुहोस् । ५+५=१०

२. प्रचलित करार सम्बन्धी कानून बमोजिम कस्ता करारलाई "बदर हुने करार" भनेर किटान गरिएको छ ? उदाहरणसहित प्रष्ट पार्नुहोस् । १०

३. दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम तीनओटा शर्त पूरा भएमा कुनै कम्पनी दामासाहीमा परेको मान्नुपर्छ । ती शर्तहरू के के हुन्? व्याख्या गर्नुहोस् र यसरी दामासाहीमा परेको मानिएको कम्पनीले के गर्नु पर्दछ ? लेख्नुहोस् । १०

४. बीमाको क्षेत्रमा International Association of Insurance Supervisors (IAIS) का मुलभूत सिद्धान्तको आवश्यकता किन रहेको छ ? विवेचना गर्नुहोस् । १०

खण्ड : "ख" — ४० अङ्क

५. बीमा करारमा Embedded Derivative भनेको के हो ? बीमा कम्पनीहरूले IFRS 4 र 9 बमोजिम यस्ता Embedded Derivative को प्रतिवेदन कसरी गर्नुपर्छ ? प्रकाश पार्नुहोस् । १०

६. विद्यमान बीमकको सुशासन सम्बन्धी निर्देशिकाले निर्धारण गरेको संचालकको आचरण सम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् । यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि बीमा समितिले खेल्नुपर्ने भूमिका समेत लेख्नुहोस् । ५+५=१०

७. पुनर्बीमा (Re-insurance) लाई परिभाषित गर्नुहोस् । नेपालमा पुनर्बीमाको क्षेत्रमा देखिएका समस्याहरू उल्लेख गर्दै सुधारका उपायहरूसमेत लेख्नुहोस् । २+४+४=१०

८. बीमा समितिको गठन, काम, कर्तव्य एवं अधिकारहरूबारे वर्णन गर्नुहोस् । १०

क्रमशः —

CamScanner

खण्ड : "ग" २० अङ्क

९. इन्द्रसिंह लामाले 'A' बैंकको कर्जामा एउटा बस किनेका थिए । यो बस सार्वजनिक भाडामा संचालन गर्ने गरी दर्ता नभएर निजी नम्बर प्लेटमा थियो । काठमाडौंका विद्यालयहरूलाई भाडामा लगाइन्थ्यो । यसको 'B' इन्स्योरेन्स्सँग Comprehensive insurance गराइएको थियो । २०७४ साल साउन १३ गतेको साँझ अबेर विद्यालयबाट विद्यार्थी घर छोडेर ग्यारेजमा फर्कदै गर्दा सडकको छेउमा खनेको खाल्डोमा परेर बस दुर्घटनाग्रस्त भयो । साँझदेखि परेको पानीले डुबेको सडकमा चालकले खाल्डो देख्न सकेन रहेछ । दुर्घटनामा बस नराम्ररी क्षतिग्रस्त भयो । तर सवारी चालक लगायत अन्य कसैलाई पनि चोटपटक लागेन । सडक सुनसान भएकाले अरू सवारी साधनलाई केहि भएन । इन्द्रसिंहले नियमानुसार बीमा दाबी गरे । 'B' इन्स्योरेन्स्ले सर्भेयर नियुक्त गऱ्यो । उनले रू. १२,६५,००० को क्षति मूल्याङ्कन गरे । 'B' इन्स्योरेन्स्ले सो रकममा रू. ३३,१२५ कटाएर क्षतिपूर्तिको रकम 'A' बैंकलाई भुक्तानी गऱ्यो । बसका सवारी चालकको चालक अनुमतिपत्रको म्याद सकिएर नवीकरण नगरिएको रहेछ । बीमा कम्पनीले नवीकरण नगरेको अनुमतिपत्र भएकाले क्षतिपूर्तिको रकमबाट रू. ३३,१२५ कटाएको रहेछ ।

इन्द्रसिंहले बीमा कम्पनीको त्यो कदमबाट असन्तुष्ट भई बीमा समितिमा उजुरी हालेका छन् । इन्द्रसिंहको जिकिर छ, बीमा कम्पनीले सवारी चालक अनुमतिपत्र नवीकरण नगरिएको भनेर क्षतिपूर्तिको रकम घटाउन पाउँदैन र बस मर्मत गर्नुपर्ने रकम सिधा बैंकको जिम्मा लगाएर बीमा कम्पनीले बीमाधिकार भएको व्यक्तिलाई बिचल्लीमा पारेको छ । प्रस्तुत सन्दर्भमा समस्याको विश्लेषण गर्दै समस्याको समाधानका व्यवहारिक उपायहरू पहिचान गर्नुहोस् । २०

:: समाप्त ::

CamScanner